## दिपायल सिलगढी नगरपालिका

## स्थानीय राजपत्र

वर्ष ४, अंक १, संख्या १, दि.सि.न.पा. डोटी स्थानीय राजपत्र भाग ०१ मिति : २०७७०३१६ मंगलवार

### भाग १
### स्थानीय सरकार
### दिपायल सिलगढी नगरपालिकाको सूचना

दिपायल सिलगढी नगरपालिकाको नगरसभाले वनाएको तल लेखिए वमोजिमको ऐन सथनीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीकालाीग प्रकाशन गरिएको छ ।

# आर्थिक बर्ष २०७७/०७८ को
# नीति, कार्यक्रम तथा बजेट

सातौं नगर सभा उदघाटन शत्रका अध्यक्ष एवं नगरप्रमुख श्री मञ्जु मलासी ज्यू,
वडा अध्यक्षज्यू लगायत नगरसभाका सबै सदस्यज्यूहरु
उपस्थित सम्पूर्ण महानुभावज्यूहरु ।

हाम्रो देश नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात नयां संबिधान निर्माण भई सविधानको धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने ब्यबस्था गरिएको छ । स्थानीय सरकार सञ्चालनको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ पनि कार्यान्वयनमा आई र सोही अनुरुप हामीले ६ ओटा नगरसभा सम्पन्न गरी आज सातौं नगरसभा सम्पन्न गर्न गई रहेका छौं । नगरको निर्वाचित नगर उप-प्रमुखको हैसियतले तपाईहरु समक्ष **यस सातौं** नगर सभामा यस दिपायल सिलगढी नगरपालिकाको नीति, कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउदा खुशी लागेको छ र सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई आफ्नो अमूल्य समय प्रदान गरी नगर सभाको गरीमा बढाई दिनु भएकोमा हार्दिक धन्यबाद व्यक्त गर्न चाहान्छु ।

आज सम्पूर्ण बिश्व नै कोरोनाको महामारीबाट आक्रान्त रहेको कुरा सर्ब बिदितै छ । बिश्वका अति सम्पन्नशाली राष्ट्रहरुले पनि आफूलाई सम्हाल्न नसकेको कठिन परिस्थितिमा हाम्रो देशले पनि कोभिड १९ को नियन्त्रणका लागि बिभिन्न प्रयास गरिरहेको कुरा यहांहरु सबैलाई अबगत नै छ तथापी सबै

भन्दा जटिल परिस्थितिको सामना हामी स्थानीय तहहरुले गरिरहेको बिद्यमान अबस्थालाई सहज र सरल बनाई स्वस्थ्य र समुन्नत समुदाय कायम गर्नु चूनौतिको रुपमा रहेको छ । नेपाल सरकारले पन्ध्रौं आबधिक योजना आ.ब.२०७६।०७७ देखि २०८०।०८१ कार्यान्वयनमा ल्याएको छ । बि.सं. २०७९ सम्ममा नेपाललाई अती कम बिकसित देशबाट बिकासशील देशमा स्तरोन्नती गर्दै बि.सं. २०८७ सम्ममा मध्यम आय भएको मुलुकमा पुर्‍याउने र बि.सं.२१०० सम्ममा नेपाललाई उच्च आय भएको मुलुकमा रुपान्तरण गरी **सम्बृद्ध नेपाल सुखी नेपाली** को राष्ट्रिय आकांक्षा पुरा गर्ने दीर्घकालीन सोच सहित बि.सं.२०८७ सम्ममा दीगो बिकास लक्ष्य हासिल गर्ने सोच अनुरुप हामीले नगरपालिकालाई पनि सोही अनुरुप भौतिक, मानबीय र समाजिक बिकासमा गतिशील बनाउनु पर्ने अबस्था बिद्यमान रहको कुरा मनन गर्नु सबै जनप्रतिनिधी एबं कर्मचारीहरुले आबस्यक रहेको छ ।

यस सातौं नगर सभामा दिपायल सिलगढी नगरपालिकाको नगर उप-प्रमुखको हैसियतले **आगामी आ.व.२०७७।०७८** को अनुमानित आय, व्यय तथा योजना एवं कार्यक्रमहरु सम्बन्धी नीतिहरु सहित संक्षिप्त बिनियोजनको खाका प्रस्तुत गर्न पाउदा आफूलाई गौरवशाली सम्झेको छु । यस महत्वपूर्ण घडीमा सर्वप्रथम राष्ट्रको निम्ती आफ्नो ज्यानको आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु ।

## खण्ड एकः परिचय र समीक्षा

### १.१.पृष्ठभूमी :

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक ब्यबस्था अघिको सुदुर पश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम रहेको दिपायल सिलगढी नगरपालिका क्षेत्र नेपाल एकिकरण अघिकै बहुचर्चित क्षेत्र रहेको इतिहासको अध्ययनले पुष्टि गरेको छ । इतिहासमा चर्चित डोटी राज्यको राजधानी रहेको यस क्षेत्रमा सभ्यताको बिकास धेरै पहिले देखि भएको थियो । डोटी प्रदेश तथा डोटी राज्यको राजधानी रहेको यस क्षेत्रमा शिक्षा सभ्यताको विकास भई यस राज्यको प्रभाव पश्चिममा भारतको कुमाउ गडवाल तथा पूर्वमा गोरखा राज्यसम्म परेको थियो । नेपाल एकिकरण पूर्व नै राजधानीको रुपमा रहेको यस क्षेत्रको व्यापार उत्तरमा तिब्बत तथा पश्चिम, दक्षिणमा भारतसंग रहेको हुंदा यस क्षेत्रमा धेरै पहिले देखिनै नगरको प्रारुप स्थापना भएको इतिहासले पुष्टि गरेकोछ । त्रेतायुगीन राजा दिलिपले तपस्या गरी स्थापना भएको दिल्पेश्वर महादेवको नामबाट उक्त क्षेत्रलाई दिपायल भनि नामाकरण हुनुले यस क्षेत्रमा सभ्यताको बिकास धेरै पहिले देखिनै भएको हो भन्ने विश्वास गर्न सकिने आधार रहेको छ ।

बिगतको क्षेत्रीय सदरमुकाम रहेको दिपायल राजपुर र राणाकाल देखि कर्णालीवारीको सम्पूर्ण क्षेत्र तथा कालिकोट जुम्ला समेत हेर्ने प्रशासनिक इकाई डोटी गौंडा समेत रहेको र पञ्चायतकाल देखि हाल सम्ममा सातौं बिकास क्षेत्र एबं डोटी जिल्लाको समेत सदरमुकाम रहेको यस नगरलाई हामीले सुदूरपश्चिम प्रदेशको राजधानी तोक्न गरिएको हाम्रो भरमग्दुर प्रयत्नले सार्थकता पाउन नसकेता पनि प्रदेशस्तरीय निर्देशनालयहरु सबै राजपुरमा रहेको बिद्यमान अबस्था कामय रहनु सबै नगरबासी एबं डोटी बासीको खबरदारीको उपज हो भन्ने मलाई लागेको छ । खप्तड क्षेत्रको प्रबेशद्वार सिलगढी बजार रहनु, शैलेश्वरी भगबती मन्दिर, प्राचिन दिलेश्वर मठ, तिखा मालिका, बासुधारा, सिलगढी स्थित मष्ठा मन्दिर, सेती नदी, डोटी राजाको दरबार रहेको कोटभैरब, दुधेश्वर मन्दिर

लगायतका धार्मिक क्षेत्रहरु हाम्रा धार्मिक पर्यटनका क्षेत्रहरु हुन भने भू स्वर्ग खप्तडको प्रबेशद्वार पनि हाम्रै नगर रहनु, रमणीय महाभारत पर्वत श्रृंखला उत्तर र दक्षिण अबस्थित रहनुका कारणले प्राकृतिक सौन्दर्यताका निम्ति हाम्रो नगर सम्बृद्ध रहेको छ भने हावापानीको हिसावले मानव बस्तिका लागि उपयूक्त हावापानी रहेको सिलगढी क्षेत्र पनि हामी संगै रहेको छ ।

## आदरणीय सभाध्यक्षज्यू

यस नगरपालिकाको अधिकांस घरधूरीहरु भारतको रोजगारीमा निहित रहेको बिश्वब्यापी कोरोनाको सन्त्रासले हाल नगरका अधिकांस दाजुभाइ, दिदी बहिनीहरु भारतबाट फर्केर घर एबं क्वारेन्टाइनमा रहेको केही मानिसहरु आउने क्रममा बाटोमा रहेको बिद्यमान अबस्थामा अब नगरभित्र रोगजारी सृजना गरी वहांहरुको जनजीवन सहज गर्नु, नगरबासीलाई कोरोना रहित बनाउनु र कोभिड भएकालाई उपचारको उचित प्रबन्ध गरी सामान्य जीवनमा फर्काउनका साथै बिकासको मूल प्रबाहमा सबै नगरबासी सबै बर्ग, क्षेत्र, जातजाति, उमेर समूह, लिंग, बिपन्न बर्ग, असहाय, अपांगता भएका ब्यक्ति सबैलाई ल्याई समुन्नत नगर बनाउने चूनौतिको सामना गर्न हामी सबै प्रतिबद्ध भएर लाग्नु पर्ने अबस्था बिद्यमान रहेको छ ।

हामी सिमित साधन स्रोतबाट जनताका असिमित आबस्यकता पुरा गर्नु पर्ने अबस्थामा छौं । आर्थिक अबस्था राम्रो भएका र पढेलेखेका मानिसहरु यस नगरबाट दिनानुदिन तरांई तथा अन्य शहरहरुमा पलायन हुनु र युवाहरुको रोजाइ भारतका शहर लगायत अन्य देशहरुमा दिनहु बिदेशिने बिषय हाम्रो लागि चुनौति रहेको छ । जनताको लगानी एबं निजी क्षेत्रको लगानी हाम्रो नगरमा अत्यन्त न्यून रहेको छ, जसकाकारण सरकारको एक्लो प्रयासले गरिने बिकास प्रभावकारी हुन नसकिरहेको बर्तमान अबस्थामा अब तीन ओटै सरकारको समन्वय बढाई प्रभाबकारी बिकास कार्यक्रम ल्याउनु पर्ने र परिणाम देखाउनु पर्ने अबस्था बिद्यमान रहेको छ ।

पांचौं नगर सभाबाट बिभिन्न छ ओटा बिषयगत क्षेत्र पूर्बाधार बिकास, सामाजिक बिकास, आर्थिक बिकास, वाताबरण र बिपत ब्यबस्थापन, संस्थागत बिकास र सेवा प्रबाह एबं नक्सा पास सहित अन्य नीतिहरु पनि पारित गरेका थियौं उक्त नीतिहरु कुनै बार्षिक रुपले पुरा गरिने र कुनै नीति आबधिक हिसाबले कार्यान्वयन गर्ने अबस्थामा हामी छौं, नीतिहरु हाम्रा मार्ग दर्शन हुन र यस सातौं नगर सभाले पनि केही नीतिहरुमा गतबर्षकै निरन्तरता र केही नीति तथा कार्यक्रम नौला समेत ल्याउने प्रयास गरेको छ । सबै नीतिलाई कार्यक्रम र बजेट संग समन्वयात्मक किसिमले लैजानकालागि समेत म यस गौरवमय सभाका सभासदहरुलाई आग्रह गर्न चाहान्छु ।
हामीले सहभागीतात्मक नगर विकास योजना तर्जुमा प्रकृया अवलम्वन गरी बस्ती तथा टोल र वडास्तर हुदै आएका योजना हरुलाई केन्द्रीय सरकारको मार्ग दर्शन समेतलाई ध्यानमा राखी आ.ब. २०७७०७८ को नीति, कार्यक्रम र नगर विकास योजना तर्जुमा गरिएको प्रस्तुत बजेट नीति तथा

कार्यक्रमले यस नगरपालिकाको विकास, उन्नति र प्रगतिकालागि आधार तयार गर्ने छ भन्ने कुरामा म विश्वस्त रहेको छु ।

### १.२. चालु आ.ब.२०७६।०७७ को नीति तथा कार्यक्रमको समीक्षा :

मिति २०७६ आषाढ १० गतेका दिन आयोजित यस नगरपालिकाको **पांचौं** नगरसभाले चालु आ.ब.२०७६।०७७ को अनुमानित आय व्यय बिवरण, योजना तथा कार्यक्रमहरु सहित नगर बिकासका नीतिहरु पारित गरेको थियो, तत्पश्चात पौष १५गते छैटौं समीक्षात्मक नगरसभा आयोजना गरेका थियौं प्रथम पांचौ नगरसभा पछिको एक बर्षको समयमा हामीले के कति उपलब्धी हासील गर्न सक्यौं समीक्षाको चरणमा हामी रहेका छौं ।उक्त बिनियोजन रकमले पक्कै पनि नगरबासीको सुबिधाको लागि यातायात शिक्षा, खानेपानी, कृषि, सिंचाई लगायतका भौतिक पूर्बाधार एवं सामाजिक बिकासका क्षेत्र महिला, दलित, जेष्ठ नागरिक, बालबालिका लगायत सबै नगरबासीको लागि सेवा सुबिधामा बृद्धि भएको नै होला भन्ने हामीले ठानेका छौं ।

यस नगरपालिकामा रहेका ९ ओटा वडाका करिब ३३ हजार नागरिकलाई बिकास र सुशासन दिनु र बिकासमा नागरिकको सहभागिता बृद्धि गर्नु हाम्रो जिम्मेवारी हो । बिगत तीन बर्षमा हामीले वडास्तर, बिषयगत शाखा र नगरस्तरीय योजना तथा कार्यक्रमका लागि निम्नानुसारको रकम बिनियोजन गरी खर्च समेत गरेका थियौं । क्षेत्रगत आधारमा गरिएको आ.ब.२०७६।०७७ को समीक्षालाई संक्षिप्तमा यसरी प्रस्तुत गर्न चाहान्छु ।

**(क) आर्थिक विकास :** पशुपालनको माध्यमबाट नगरका वासिन्दालाई रोगगार प्रदान गर्न नगरका धेरै स्थानमा पशुपालन गर्ने कार्यलाई प्राथमिकता दिई भैंसी, बाखा र कुखुरा पालनमा अनुदान दिईएको छ । महिला रोजगार प्रबर्द्धन गर्न वडा स्तरमा सिलाइकटाई, कढाई तालिम तथा नगररमा होजियारी, मालापोते,पंचेबाजा, बैण्डबाजा तालिम सञ्चालन गरिएको छ । प्रधानमन्त्री स्वरोजगार कार्यक्रम मार्फत पनि गरिब एबं बेरोजगारको तथ्यांक लिई स्थानीय श्रमलाई बढावा दिइ संघीय सरकारको नीति अनुरुप हामीले कार्यक्रम सञ्चालन गरी रोजगारी बढाउन प्रयास गरी रहेका छौं । नगरका बासिन्दाको गरिबी न्यूनिकरण गर्नु हाम्रो ठूलो चुनौति रहदा रहदै पनि हामीले जनताको जीवनस्तर उठाउनकालागि प्रधानमंत्री कृषि आधुनिकीकरण परियोजनाको निरन्तरता स्वरुप कृषि ज्ञान केन्द्र डडेल्धुरा मार्फत कुमालीकोट, घोल्तडा, कलेना मा तरकारी पकेट क्षेत्र, मौसम अनुकुल फलफूल पकेट क्षेत्र, सलान, द्वावारी क्षेत्रमा मकैको पकेट क्षेत्र बनाई कृषकहरुलाई नगदेबाली तर्फ आकर्षण गर्ने कार्यलाई निरन्तरता दिएका छौं भने नगरका बिभिन्न वडामा तरकारी बिउ बितरण, च्याउ बिउ हिंउदे फलफुल बिरुवा तथा बिषादी बितरण गरी कृषी क्षेत्रको बिकासको कार्य गरेका छौं तर कोरोना माहामारीको कारणले कृषि तथा पशु बिकासको क्षेत्रमा गरिने कार्यलाई अगाडि बढाउन नसकियको अबस्था रहेको छ भने नगरक्षेत्र भित्रका १८ बर्ष पुरा गरी ५९ बर्ष ननाघेका ११२४ घर परिबारको बिवरण प्रधानमन्त्री रोजगार कार्यक्रमको केन्द्रीय सर्भरमा इन्ट्रि भएको छ त्यसैगरी परिस्थिति अनुकुल भएको खण्डमा हामी अन्य रोजगारमुलक कार्यक्रमलाई निरन्तरता दिने प्रकृयामा रहेकाछौं ।

**(ख) सामाजिक क्षेत्र :** नगर क्षेत्रका बिभिन्न वडाका बिद्यालयमा १४ कक्षा कोठा निर्माणाधिन अबस्थामा रहेका छन् । २ ओटा बिद्यालयमा पुस्तकालय ब्यबस्थापन एबं २ ओटा बिद्यालयमा बिज्ञान

प्रयोगशाला ब्यबस्थापन गरिएको छ  त्यसैगरी  सबै वडामा १६ देखि २६ बर्षका युवाहरुको तथ्यांक संकलन गरिएको छ । स्थानीय पाठ्यक्रम २०७६, स्वयंसेवक शिक्षक अनुदान कार्यबिधि २०७६ निर्माण गरिएको छ । स्थानीय चुनाव पश्चात अपांगहरुको लागि परिचय पत्र बितरण यस चालु आ.ब.मा गरिएका छ हाल सम्म १३५ जनालाई परिचय पत्र प्रदान गरिएको छ जसमध्ये क  बर्गमा १९, ख बर्गमा ५४, ग बर्गमा ३० र घ बर्गमा ३२ रहेका छन् भने जस मध्ये ४६ जना महिला रहेका छन् । स्वास्थ्य क्षेत्रमा खोप कार्यको निरन्तरता, राष्ट्रिय अभियान सञ्चालन एबं वडास्थित ३ ओटा स्वास्थ्य चौकी एबं ९ ओटा स्वास्थ्य केन्द्रबाट स्वास्थ्य सेवा प्रदान गरिएको छ । वडा नं ८ को नारीदाङ्गमा यसै बर्षमा नगरस्वास्थ्य केन्द्र स्थापना गरी सेवा प्रबाह गरिएको छ भने वडा नं.५ र ९ मा स्थापित नगरस्वास्थ्य केन्द्र र क्लिनिकहरु ब्यबस्थापन गरिएको छ । वडा नं ५ को घोल्तडा गाउं  वडा नं. ९ को कलेना गाउंको हेल्थपोष्ट आसपासको बस्तिलाई पानी सुरक्षित समुदाय निर्माण गर्न पानीको गुणस्तर सुधार, मर्मत सम्भार लगायत समुदाय सचेतनाको लागि युनिसेफको सहयोगमा आबस्यक कार्य गरिएको छ । गत बर्षबाट घरेलु श्रमबाट मुक्त गरी आबासीय बिद्यालयमा भर्ना गरिएका बालबालिकाहरुको आबासीयक सहयोग कार्यक्रम निरन्तर रहेकोछ । त्यसै गरी बादी समुदायको आबासको प्रबन्धको लागि प्रदेश सरकार संग समन्वय गरिएको छ ।

यसै बर्ष भ्रमण बर्ष २०२० लाई सफल पार्न  नगरस्तरीय बृहत सांस्कृतिक कार्यक्रम सहित २०७६ माघ ८ गते भब्य रुपमा सम्पन्न गरेका थियौ । यस बर्ष नै गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमको तथ्यांक संकलन कार्य संचालन गरिएको छ ।

- यस बर्षमा बिभिन्न शाखाबाट सामाजिक क्षेत्रको काम गर्नका लागि प्रतिकुल परिस्थिति नभएका कारण काम गर्ने वाताबरण सहज नरहेको अबस्था बिद्यमान रहेको छ तथापी ठूलो चुनौतिको रुपमा आएको कोभिड नियन्त्रण एबं ब्यबसपनमा नै हामी ब्यस्त रहयौं यस नगर क्षेत्रका बिभिन्न बिद्यालय, सामुदायिक भवन, सरकारी भवनगरी ३० स्थानमा क्वारेन्टाइन ब्यबस्थापन गरी २३१९ जना मानिसहरु जसमा ४३७ महिला र १८८१ पुरुषलाई यातायात, आबास, लत्ताकपडा, खानेपानी एबं रासन सहितको ब्यबस्था गरेका छौं **यसै असार महिनाको ९ गते सम्मको तथ्यांक अनुसार ३९८ जना महिला र १५७६ पुरुष गरी १९७४ जनाको RDT जांच र ६९ महिला र २१० पुरुषको PCR जांच गराएका छौं जसमध्ये१२ जनालाई कोरोना Positvie भई**कोभिड संक्रमण भएको छ र    उहाँहरुलाई नगरपालिकाको आइसोलेसन मा उपचार भइरहेको छ ।ती ब्यक्तिबाट परिवार तथा समुदायमा थप संक्रमण नफैलियोस भनेर हामी लागि परेका छौं र संक्रमित ब्यक्तिको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । कोभिड १९ बाट संक्रमित ब्यक्तिका लागि आफ्नै (हाललाई १४ बेड) आइसोलेसन कक्षको ब्यवस्थापन गरिएको साथै यसको नियन्त्रण तथा रोकथामका लागी बिभिन्न एफ.एम तथा रेडियोबाट सन्देशमलक सामाग्री प्रशारण भई रहेका छन् साथै आर्थिक रुपले पछाडीपरेको बिपन्न ९४९ घरपरिवारलाई राहत वितरण गरिएको छ ।भारत तथा अन्य देशबाट  नगर क्षेत्रमा आउने ब्यक्तिहरुलाई बन्दाबन्दीको समय सम्मका लागि बोर्डरबाट यस नगरपालिका सम्मका लागि

यातायातको व्यबस्था गर्न नगर बस परिचालन तथा आबस्यकता अनुरुप बाहिरबाट पनि सवारी साधन भाडा लिई उद्दार गरियो ।

कोभिड ब्यबस्थापनको कार्य आफैमा जटिल र चुनौति पूर्ण र खर्चिलो भएको हामीले महसुस गरेका छौं तथापी जनताको जीउधनको रक्षाका लागि सिंगो नगरपालिका लागि परेका छौं र कोरोना परास्त हुनेछ भन्ने बिश्वास सहित सबै नगरबासीलाई सामाजिक दुरी कायम गरी कोरोनालाई परास्त गरीदिनुहोस भन्ने पनि अनुरोध गर्दछौं ।

**(ग) पूर्बाधार विकास क्षेत्र :** नगरको बिकासमा पूर्बाधार बिकासकालागि सबै वडामा बिनियोजन गरिएको बजेटको ठूलो हिस्सा यसै क्षेत्रमा बिनियोजन गरिएको थियो । कोरोना महामारीको लकडाउनको कारण हामीले पनि कामलाई सोचे जति गति दिन सकेनौं तथापी यस नगर क्षेत्रमा प्रति २ कोठा सहित ७ बिद्यालय भवन, सिंचाई कुलोहरु, (तुस्यात कटुञ्जे, वडा नं.४, डांडाखोला बेडखोले वडा नं.८) खानेपानी आयोजनाहरु (तिखा खानेपानी र सिरखोली सैन वडा नं.१, कैलडा खा.पा.टंकी वडा नं.३, लेकठांटा खा.पा. वडा नं.५, बगलेक उडतिोला सिलगढी खा.पा. वडा नं. ५,६,७, धसिना लडागडा खा.पा. वडा नं.८) टुंडिखेल खेलमैदान वडा नं. ६, सडक योजनाहरु प्रदेश प्रहरी तालिम केन्द्र देखि हलिखोला सडक वडा नं.२, कुमालीकोट गोदा सडक वडा नं.४, पांकरी सेती नदी सडक वडा नं.७, कांडीगाउं सडक वडा नं.९, तथा अन्य पूर्बाधारका योजनाहरुमा पांकरी गाउं बाटो पिसिसि, वडा नं २ मा सर्पदंस उपचार केन्द्र, बागठांटा शहरी स्वास्थ्य केन्द्र भवन, कुञ्जडी गाउंघर क्लिनिक, वडा नं. ४ को थलापार्क र धार्मीक पर्यटन बिकासको लागि शैलेश्वरी परिसरमा भगवतीको मुर्ति निर्माणको कार्य सहितका भौतिक निर्माणका कार्यहरु निर्माणाधिन रहेका अबस्था बिद्यमान छ ।

**(घ) वाताबरण तथा बिपद् व्यवस्थापन :** यस बर्षमा युनिसेफको सहयोगमा नगरस्तरीय बिपद् तथा जलबायु उत्थानशील योजना र बिपद् पूर्बतयारी तथा प्रतिकार्य योजना निर्माण भएको छ । बिभिन्न संघ संस्थाबाट बिपद् ब्यबस्थापनका लागि बिभिन्न सामग्रीहरु प्राप्त भएको छ । बिश्व महामारीको रुपमा रहेको कोरोनाले हाम्रो नगर पनि अछुतो रहेको छैन र यस बर्षको अन्तिम चौमासिक समय नगरपालिकाको लागि कोभिड नियन्त्रणमा नै गएको छ हाम्रो स्रोत र साधन सवारी साधन, बजेट र जनशक्ति सबै परिचालन गरिएको छ । करिब २२०० जनालाई क्वारेन्टाइनमा ब्यबस्थापन गरिएको छ र कोभिड नियन्त्रणका लागि सब संयन्त्र परिचालन गरिएको छ । सडकलाई ग्रीन सडक क्लिन सडक बनाउनका लागि किनाराको बृक्षारोपण कार्यलाई निरन्तरता दिइएको छ । मानबीय सहयोगका लागि नगर बस, एम्बुलेन्स, दमकल र नगरपालिकाको सवारी साधनलाई परिचालन गरिएको समुदायमा कोभिड नियन्त्रणका लागि मास्क, सेनीटाइजर प्रदान गरिएको छ ।

**(ङ) संस्थागत विकास, सेवा प्रबाह र सुशासन :** नगरपालिकाको संस्थागत विकासकोलागि सबै शाखा, एकाई, सहित सबैसंग समन्वय बढाइएको छ । स्वास्थ्य सेवालाई सुदृढ गर्न कर्मचारी थप गरिएको छ । नगरकार्यपालिका कार्यालयलाई सुशासनमुखी बनाउन कार्यालयमा बिद्युतिय हाजीर र सिसिक्यामेरा जडान गरिएको छ । नगरबाट गरिने अनुगमन सुपरीबेक्षण कार्यलाई सुदृढ गरिएको छ । नगरपालिकाको गुरु योजना बनाई कार्यक्रम सञ्चालन गर्न नगरको पार्श्वचित्र (Profile)र गुरुयोजना

पनि यसै बर्ष निर्माण सम्पन्न गरिएको छ । नगरका बासिन्दालाई यातायातमा परेको असुबिधालाई ध्यान र यातायातलाई सहज बनाईएको छ । यसबाट सर्बसाधारणलाई स्थानीय यातायातमा धेरै राहत भएको हामीले महसुस गरेका छौं ।

**(च) <u>न्यायिक समिति</u>** :यस नगरपालिकामा तीन सदस्यीय न्यायिक समिति गठन भएको छ भने न्यायिक समितिमा साँध सिमाना, लेनदेन, घरेलुहिंसा, कुटपिट, अंशबण्डा जस्ता मुद्दा आएका छन् भने आएका सबै मुद्दाको ९० प्रतिशत जति मुद्दाहरु समयमा नै मिलापत्र एवं किनारा हुंदै गरेको र सबै वडामा मेलमिलाप कर्ताहरु छनौट गरि आगामी बर्षमा थप ब्यवस्थित गर्ने प्रयास गरिएको छ ।

**आदरणीय सभाध्यक्षज्यू**

नगरलाई सभ्य, आर्कषण, भ्रष्टाचार अनियमिता र ढीलासुस्ती रहित सुबिधा सम्पन्न बनाउन यस सभामा उपस्थित जनप्रतिनिधी लगायत यस सभा बाहिर रहनु भएका राजनैतिक दल, उपभोक्ता समिति, नागरीक समाज, पत्रकार, महिला, दलित, अपाङ्ग, जनजाती बुद्धीजीबी, शिक्षक, समाजसेवी, कर्मचारी, नगर एंव जिल्लाबासी सबैको कर्तव्य हो । बिगतका राम्रा नराम्रा कुराको समीक्षा गर्दै आगामी दिनमा अझ धेरै राम्रो कसरी गर्न सकिन्छ भनि केही लक्षित कार्यक्रम, नीति तथा योजना तर्जुमा गर्दै अगाडी बढ्नु पर्ने आबश्यकताका कारण नगरसभाले केही लक्षित कार्यक्रम तथा नीतिहरुलाई निम्नानुसार अगाडि सारेको छ ।

## <u>खण्ड दुई : आर्थिक बर्ष २०७७।०७८ को नीति, कार्यक्रम तथा बजेट</u>

**२.१.१. सोच :** नगरक्षेत्रमा स्वास्थ्य , शिक्षा, कृषि, पशुपालन, पूर्वाधार बिकास, जडिबुटी, जलस्रोत र पर्यटकीय क्षेत्रको उचित ब्यबस्थापन एबं बिकासगरी समृद्ध नगर बनाउने ।

**२.१.२. लक्ष्य :** सबै कृषि योग्य जमिनको उपयोग गर्ने, पशुपालनलाई ब्यबसायिक बनाउने, पर्यटकीय क्षेत्रको संरक्षण र ब्यबस्थापन गर्ने, समाबेशी बिकासमा जोड दिने, उद्यमशिलताको बिकास गर्ने एबं भौतिक पूर्बाधारको बिकासमा स्थानीय स्रोत साधन र जनशक्तिको परिचालन गरी गरिबी घटाउने ।

**२.१.३. उद्देश्य :**

(क) नगरलाई कोभिड-१९ महामारीबाट नियन्त्रित राखि जनजीवन सामान्य तर्फ फर्काउने ।
ख) कृषिमा लगानी गरी रोजगारी सृजना गर्ने
ग) गुणस्तरीय, दिगो भौतिक पूर्वाधारको बिकास,
घ) बालमैत्री, महिला मैत्री र समाबेशी नगरको बिकास,
ङ) पुर्णसरसफाई युक्त, बाताबरण मैत्री नगरपालिका निर्माण ।
च) आन्तरिक पर्यटनलाई प्रबर्द्धन गर्ने कार्यमा जोड दिने ।

**२.१.४. अपेक्षित उपलब्धी :** नगरका मुख्य बजार क्षेत्रहरु आर्कषक र सुबिधायुक्त हुनेछन्, सबै ग्रामीण बस्तीहरुमा बिजुली, खानेपानी सडक सुबिधा पुग्नेछ । बिद्यालय उमेर समूहका सबै बालबालिका बिद्यालयमा रहनेछन्, नगरमा एउटा हरियाली सहित समाबेशी पार्क निर्माण

हुनेछ, धार्मीक पर्यटकीय क्षेत्रको संरक्षण हुनेछ शैलेश्वरी मन्दिर परिशरको भगवतीको मुर्ति निर्माण सम्पन्न हुनेछ । नगरमा रोजगारीको सृजना भई गरिबी घट्नेछ,। कोभिड १९ नियन्त्रणमा रहने छ र कृषि प्रणालीमा सुधार भई रोजगारी सृजना हुनेछ ।

## २.२. बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरुः

### २.२.१. समग्र नीति तथा आधारहरु

दिपायल सिलगढी नगरपालिकाले आगामी आ.ब.२०७७।०७८ को नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा लिइएका समग्र नीति तथा कार्यक्रमलाई यस प्रकार प्रस्तुत गर्न चाहान्छु ।

**सभाध्यक्ष महोदय,**

दिपायल सिलगढी नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८को बार्षिक नगर विकास योजना तर्जुमा गर्दा स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४(परिमार्जन सहित) योजना तर्जुमा गर्दा अवलम्वन गर्ने प्रक्रिया पूरा गरी आएका नगरवासीहरुका मागहरुलाई नगरपालिकाको स्रोत र साधनले भ्याए सम्म यथासम्भब समेटने प्रयत्न गरेका छौं । योजना तर्जुमा गर्दा नेपालको संविधान २०७२ को अनुसुची ८ मा व्यस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसुची ९ मा व्यवस्था गरीएका साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गरिएको व्यवस्था, संघीय सरकार एबं प्रदेश सरकार र राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्ग निर्देशन, एबं कोभिड १९ लाई मध्ये नजरगरी  योजना तर्जुमा गरिएको छ । यसका साथै नगर विकास योजना निर्माणकालागि वडा समितिहरु, विभिन्न लक्षित गरी नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आगामी आ.ब.को नीति, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धमा प्राप्त परिपत्र, आ.ब. ०७७।०७८ का लागि नेपाल सरकारबाट  पारित नीतिहरु,  सुदूर पश्चिम प्रदेश सरकारको आ.ब. २०७७।०७८ को बिनियोजन बिधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति, एंव वडास्तरीय भेला तथा  वडा समितिबाट आएको प्राथमिकीकरणका आधारमा नगरकार्यपालिका बैठकबाट सिफारिस भई आएका योजनाहरुलाई नगर सभामा पेश गरिएको छ ।
राजस्वका दरहरुका सम्बन्धमा कर सेवा शुल्क तथा दस्तुरलाई २०७६ को पांचौ नगर सभाबाट पारित भएको दायरामा  बर्तमान कोरोना असरबाट परेको प्रभावलाई समेत  केही हेरफेर गरी पारित गरिने नीति अबलम्बन गरिएको छ ।

**बार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्दा लिइएका आधारहरु :**

- नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- संघिय सरकारले अंगिकार गरेको पन्धौं आवधिक योजना (२०७६।०७७-२०८०।०८१ ले निर्धारण गरेको लक्ष्य नीति तथा प्रथमिकताहरु,
- संघिय सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु,
- संघीय सरकार एबं प्रादेशिक सरकारबाट प्राप्त बजेट सिलिङ्ग र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु,

- राजस्व परामर्श समितिको प्रतिवेदन,
- विगत वर्षहरुमा सम्पन्न भएका नगर परिषद एवं नगर सभाका बैठकहरुबाट भएका निर्णयहरु,
- नगर कार्यपालिकाले योजना तर्जुमाकालागि निर्णय गरी तोकेका आधारहरु,
- स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित),
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा तोकिएका स्थानीय तहका अधिकारहरु ।
- नेपाल सरकारबाट आ.ब.२०७७।०७८ का लागि पारित नीतिहरु
- सु.प. प्रदेश सरकारबाट आ.ब.२०७७।०७८ को बिनियोजन बिधेयकको सिद्धान्त, उद्देश्य, प्रथमिकता र प्रमुख नीति
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।०२।२० पत्र अनुरुप को कोभिड १९ को परिदृष्यमा स्थानीय तहको बार्षिक बजेट तर्जुमा गर्दा ध्यान दिनु पर्ने बिषयहरु
- नगरपीलिकाको पार्श्व चित्र,
- नगरपालिकाको गुरुयोजना,
- संघीय र प्रदेश सरकारबाट समपुरक अनुदानकोलागि आवश्यक पर्ने लागत साझेदारी रकम ।

### २.२.२. क्षेत्रगत नीति तथा आधारहरु :

### क. आर्थिक विकास : २.२.२. क्षेत्रगत नीति तथा आधारहरु :

**(क) आर्थिक बिकास :** कोरोनाको कारणले भारत लगायतका अन्य देशहरुबाट धेरै युवाहरु नेपाल भित्रियका छन  र फर्केर पुन बिदेश जान सक्ने हालको परिस्थिति नभएका कारण स्थानीय सरकारले स्थानीय तहमै रोजगार प्रदान गर्नु पर्ने अबस्था बिद्यमान छ ।नगरका बासिन्दालाई आयआर्जनका कृयाकलापहरुमा आत्म निर्भर बनाई रोजगार सृजना गर्ने कार्यलाई प्राथमिकता दिन आबस्यक छ, शहरी सुबिधा बृद्धि गरी आकर्षक नगर बनाउन र तराईतिर बसाइसराईको क्रमलाई रोक्न आजको आबस्यकता रहेको महसुस हामीलाई भएको छ । त्यसैले बजार व्यबसाय, कृषि, पशुपालन, फलफूल, कुखुरापालन एबं पकेट क्षेत्र, सिप बिकास तालिम, उन्नत सहकारी, सिंचाई र **एक गाउं एक उत्पादनको कार्यक्रम** आबस्यक रहेको छ । त्यसैले आर्थिक बिकासकोलागि आबस्यक पर्ने रकम बिनियोजन गर्ने गरी निम्न बमोजिमका नीति अख्तियार गरिएको छ ।

- कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्म निर्भरताका लागि मल, बिउ, कीटनासक औषधी, प्रबिधि र उत्पादित बालीको बजार ब्यबस्थाकालागि कृषि बिकासका लागि कार्यक्रम सञ्चालन गर्ने ।
- आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजुदरलाई रोजगारी उपलव्ध गराउन श्रम मुलक, स्थानीय कच्चा पदार्थ सिप र प्रविधिको प्रयोग गरी लघ बित्त तथा उद्यमशिलता सम्बन्धी आयोजनाहरु संचालन गरिने छ ।
- प्रत्येक वडाको सम्भाव्यताको आधारमा पकेट क्षेत्रको पहिचान गरी कृषकलाई एकिकृत रुपमा सेवा सुविधा उपलव्ध गराईनेछ ।
- पशुपंक्षी व्यवसाय अन्तर्गत चालु आ.व. मा संचालित वाख्रापालन तथा गाई, भैसीपालन पकेट प्याकेज कार्यक्रमलाई निरन्तरता दिइएनेछ र नगरपीलकाको एकल वा प्रदेश तथा संघ सरकारसंग सहकार्य गरि थप पकेट प्याकेज कार्यक्रम संचालन गरिनेछ ।

- नगरपालिकामा वसोवास गरेका कृषकहरुलाई वहुउद्देश्य कुखुरापालन व्यवसाय तर्फ आकर्षण गरि पोषण सुधारका लागि वहुउद्देश्य कुखुराका चल्ला वितरणमा ढुवानी सेवा उपलव्ध गराइनेछ ।
- पशुपंक्षीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न एकिकृत प्राविधिक सेवा उपलव्ध गराउनुका साथै वित्तिय तथा अन्य सेवामा सहजीकरण गरिनेछ ।
- किसानहरुलाई समयमै मुल विउ, उपलव्ध गराई उत्पादकत्व वृद्धि गर्न अनुदान मुल विउ ( धान, गहुं, मकै) उपलवध गराउने व्यवस्था मिलाईनेछ । हालको अनुदान दिने प्रकृयालाई थप विश्वसनिय, प्रभाकारी, पहुंचमा वृद्धि हुने गरि वास्तविक किसानलाई सहि ढंगले उत्पादनमा अनुदान उपलव्ध गराइनेछ ।

- ब्यबसायीक तरकारी तथा फलफुल खेती एबं पशुपालन गर्ने किसानको लागि नगरपालिका तथा किसानको साझेदारीमा कृषि तथा पशु बीमा कार्यक्रम लागु गर्ने ।
- कृषि तथा पशुपालनको क्षेत्रमा प्राबिधिक सहयोग गर्न **एक गाउं एब प्राबिधिक** कार्यक्रमलाई राष्ट्रिय योजना आयोग एबं कृषि तथा पशुपंक्षि बिकास मन्त्रालय संगको साझेदारीमा गत बर्ष जस्तै निरन्तरता दिनको **लागि ६ महिना बराबरको दुई जनाको तलब बिनियोजन** गरी कार्यक्रमलाई निरन्तरता दिने ।
- **एक वडा एक कृषि उत्पादन पकेट क्षेत्र** कार्यको अबधारणलाई अगाडी बढाई कृषकहरुलाई आत्मनिर्भरता तर्फ उन्मुख गराइनेछ ।
- सामुदायिक बनका सदस्यहरुमा उद्यमशिलता बिकास गर्नकालागि आवश्यकता अनुसार एक वन एक उत्पादन कार्यक्रम सञ्चालन गरिने छ साथै अल्लो प्रशोधन, सिस्नो पाउडर उत्पादन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ र कुनै एउटा **बनलाई दालचीनी गुर्जो जस्ता जडिबुटकिो पकेट बन**का रुपमा बिकास गरिने छ ।
- कृषिमा दिइने अनुदानलाई सहुलियतका रुपमा दिई किसानलाई सहयोग उपलब्ध गराइने छ ।
- स्थानीस्तरमा रोजगारी अभिबृद्धि गर्न अन्य सरकारी तथा गैरसरकारी निकायहरुसंगको साझेदारीमा बिभिन्न किसिमका सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
- पर्यटन विकासलाई बढोत्तरी गर्न खप्तडको प्रबेशद्वार सिलगढी र शैलेश्वरी क्षेत्रमा आवस्यक पुर्बाधार विकास र झिग्राना सडक स्तरोन्नती तथा द्वारीक्षेत्रमा आकर्षण बढाउन फोटो स्पटकोलागि दुधेश्वर र कोटभैरब जोड्ने झोलुंगे पुल बनाइनेछ भने वडा नं.४ मा समावेशी पार्क एवं सेती नदीमा र्‍याफ्टिङ चलाउनका लागि दुइ ओटा र्‍याफ्टिङ खरिद गरी समयानुकुल सञ्चालनमा ल्याइ सकिएको छ भने र निजी क्षेत्रसंगको साझेदारी बढाइनेछ ।
- सम्बन्धित निकाएको सहयोग तथा सहकार्य सहित प्रत्येक महिना बजार अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।
- बजारमा अनियन्त्रित रुपमा रहेका फुटपाथ पसलहरुलाई हटाइ बजारलाई व्यवस्थित तथा सफा बनाइनेछ यस कार्यक्रमलाई सञ्चालनमा समेत ल्याइ सकिएको छ ।
- दिपायल, घोल्तडा तथा कैलडा, इछाली क्षेत्रमा रहेका ममफलीको पकेट क्षेत्रमा ममफली उत्पादनकालागि किसानलाई प्रोत्साहन गरी आवश्यक सहयोग सहित उक्त कार्यलाई निरन्तरता दिइनेछ ।

- युवा व्यरोजगारलाई कमगर्न नगरका सम्भाबित क्षेत्रमा बाख्रापालन, आँपखेती, केराखेती, लिचीखेतीचियाखेती, कफीखेती आदि कार्यक्रम सञ्चालन गर्न किसानलाई प्रोसाहित गरिनेछ ।
- चिया तथा कफीखेतीको सम्भाब्यता अध्ययन भईसकेको स्थानमा कफीखेती बिस्तार गरीनेछ ।
- नगरपालिकाको वडा नं. ९ अर्न्तगत कलेना क्षेत्रमा चुनढुंगा प्रशोधनको सम्भाब्यता अध्ययन भईसकेको स्थानमा वातावरीय अध्यनको कार्य अगाडी बढाईनेछ ।
- सामुदायिक वनका सदस्यहरुमा उद्यमशिलता विकास गर्नकालागि एक वन एक उत्पादन कार्यक्रम सञ्चालन गरिने छ साथै अल्लो प्रशोधन, सिस्नो पाउडर उत्पादन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

**(ख)** **सामाजिक विकास :** मानिसको व्यक्तित्व बिकास, चेतना, शिक्षा, सम्बृद्धि, दीर्घ जीवन, समाजिक सद्भाव, मेलमिलाप, समतामुलक समाज बिषयहरु सामाजिक बिकास अर्न्तगत बिषय हुन समग्र बिकासको केन्द्र बिन्दु समाज भएका कारण हामीले पनि समाजिक क्षेत्रलाई उच्च प्राथमिकता दिई काम गर्नु पर्ने भएकोले यस क्षेत्रमा निम्नानुसार नीतिहरु प्राथमिकतामा राखिएको छ ।

**१) लैगिंक समानता तथा सामाजिक सामावेशीकरण :**

- समाजमा भएका असल प्रयासहरुलाई संस्थागत गर्दै लैजानुका साथै समाजमा रहेका विसंगती तथा विकृती (छाउपडी, जातीय छुवाछुत, लैगिंक विभेद, लागु औषधको प्रयोग जस्ता) को अन्त्यका लागि संचेतनाका कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नका लागि बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।
- सामाजिक सदभाव कायम राख्नका लागि विभिन्न किसिमका सामाजिक सदभावका कार्यक्रमहरु संचालन गर्ने तथा सामुदायिक मेलमिलाप जस्ता कार्यक्रमहरु प्रभावकरी रुपमा कार्यान्वयन गरिनेछन ।
- अपाङ्गता भएका बालबालिका अपाँगता भएका व्यक्तिका बालबालिकालाई परिचय पत्रका आधारमा यस नगरपालिका भित्रका शैक्षिक संस्थाहरुमा **निःशुल्क शिक्षणको** व्यवस्था गरिनेछ ।
- नगरपालिकाको अपांग परिचयपत्र बितरण कार्यबिधि २०७५ बमोजिम अपांग भइका ब्यक्तिहरुको अपांगता परिचयपत्र लगायतका सेवा सरल तरिकाले उपलब्त्र गराउन घ’म्ती शिविर संचालन गरिने छ ।
- विपन्न महिला ,हिंसा प्रभावित एकल महिला , अपांगता महिला , कोरोनाको समयमा रोजगार गुमाई बिदेशबाट फिर्ता भएका महिलालाई उद्यमशिलता तालिम तथा सिपबिकास तालिम संचालन गरिनेछ ।
- हिंसा प्रभावित महिलालाहरुलाई पुर्नस्थापना तथा जविकिोपार्जनका लागी लैंगिक हिंसा राहत कोष स्थापना गरिने छ ।
- 
- जग्गा नभएका सडक किनारामा रहेका बादी समुदायलाई घरवासकोलागि जग्गा खरीद गरी उनीहरुको घर बनाउनकालागि जनता आवस कार्यक्रम एबं प्रदेश सरकार संगको समन्वयलाई निरन्तरता दिइने छ ।
- नगर क्षेत्रमा रहेका बिपन्न एकल महिलाहरुकालागि नगर स्तरीय सीप तथा क्षमता एबं आर्थिक बिकासका कार्यक्रम सञ्चालन गरी उनीहरुको आर्थिक एबं सामाजिक बिकासमा ध्यान दिईनेछ ।
- समाजमा रहेका कुप्रथा (छाउपडी , बालबिवाह) लाई निवारण गर्न सबै वडामा सामाजिक अभियानका साथै सामाजिक , आर्थिक , कानुनि सशक्तिकरण कार्यक्रम संचालन गरिने छ ।

- नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा सार्वजनिक तथा सामुदायिक संस्थानहरुमा सेनिटरी प्याँडको व्यवस्थापनका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ साथै शैलेश्वरी महिला समुहलाई सक्रिय बनाई संघीय सरकार संगको समन्वयमा सेनीटरी प्याड उत्पादन गर्ने कार्यलाई यसै बर्ष देखि सुरुवात गरिनेछ ।
- नगरपालिकाको निर्माण गरिने पार्कमा बालमैत्री, अपाङ्गमैत्री संरचना निमार्ण गरिने छ ।

**२) शिक्षा :**

- बिद्यालय बन्द रहेको अबस्थामा नेपाल सरकारबाट तोकिएको मापदण्ड बमोजिम **बैकल्पिक बिधिहरुको प्रयोग गरी पठनपाठन** शुरु गर्न आबस्यक उपायहरु अबलम्बन गरी आबस्यक बजेट बिनियोजन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर बृद्धिका लागि शिक्षकको क्षमता विकास कार्यक्रम संचालन गरिनेछन ।
- सामुदायिक विद्यालयका विद्यार्थी र शिक्षक अनुपात मिल्ने गरि शिक्षक दरवन्दी मिलान गर्ने नीतिको अलम्बन गरिनेछ ।
- विद्यार्थीका हातमा पाठ्यपुस्तक तथा शिक्षकको हातमा पाठ्यक्रम कार्यक्रम प्राभावकारी बनाउन शैक्षिक विकासका कार्यक्रम संचालन गरिनेछ ।
- बिद्यालय व्यवस्थापन समितिको बैठकलाई उपलब्धि र नतिजामूलक बनाउनका बिद्यालय व्यवस्थापन समितिको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछन र बिद्यालय ब्यबस्थापन समितिको बिद्यालय प्रति अपनत्व बढाउने गरी क्षमता बिकास गरिने छ ॥
- विद्यालयहरुमा हुने शिक्षण गतिविधिको अनुगमन, निरीक्षण र मूल्याङ्कन नियमित र प्रभावकारी बनाउनका लागि अनुगमन संसयन्त्रको निमार्ण गरी जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- विद्यालयहरुको कार्य सम्पादनको आधारमा मूल्याङ्कन गरी पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- शिक्षकहरुलाई पेशागत काममा बढी केन्द्रित हुनका लागि अभिप्रेरित हुने खालका कार्यक्रमहरु तर्जुमा गरिनेछन ।
- बालमैत्री सिकाईलाई संस्थागत गर्न आवश्यक कार्यक्रमको कार्यान्वयन गर्ने नीतिलाई अंगिकार गरिनेछ ।
- शैक्षिक गुणस्तरमा सुधारका लागि उत्तकृष्ठ बिद्यार्थी, शिक्षक तथा बिद्यालयलाई प्रोत्साहनका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ
- संस्थागत बिद्यालयहरुको नियमनका गर्न प्रभावकारी संयन्त्रको निमार्ण गरी नियमित रुपमा अनुगमन कार्यलाई प्रभावकारी बनाईने छ ।
- नगरपालिकाले संस्थागत बिद्यालयलाई समेत सामुदायिक बिद्यालय जस्तै अनत्वको व्यहार गर्ने तथा संस्थागत विद्यालयका बिद्यार्थीहरुलाई समेत उत्प्रेरणा अभिबृद्धिका कार्यक्रम संचालन गर्नेछ ।
- अपांगता भएका बालबालिकाहरुलाई आबस्यकता अनुसारको भौतिक ब्यबस्था गर्न बिद्यालयलाई प्रोत्साहित गरी आबस्यक सहयोग गरिने छ ।
- बिद्यालय व्यवस्थापन समिति लगायतका समितिहरुमा बालबालिकाहरुलाई लक्षित गरी छलफलका कार्यक्रमहरु संचालन गरी शैक्षिक गुणस्तरको अभिबृद्धि गरिनेछ ।
- निजी श्रोतका शिक्षकहरुको उचित सम्मान गर्दै निजि श्रोतका शिक्षकहरुको व्यवस्थापनका लागि नगर शिक्षकको रुपमा निजहरुलाई ब्यबस्थापन गर्न हुन सक्ने बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।

- बालबिकास केन्द्र संञ्चालन कार्यक्रमलाई संस्थागत रुपमा संचालन गर्नका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।
- **ग्रीन स्कुल, क्लिन स्कुल** को अबधारणा लागु गर्न पूर्ण सरसफाईको बिद्यालय र पूर्ण सरसफाई युक्त समुदाय निर्माणका लागि युनिसेफ संगको साझेदारीलाई निरन्तरता दिइनेछ ।
- बालश्रम न्यूनिकरण गर्दै लगि यसलाई निर्मुल पार्न नगर बालसञ्जाललाई सक्रिय बनाउदै बिभिन्न कार्यक्रमहरु संचालन गरिनुका साथै बालहित संरक्षण तथा बाल विकासमा उनिहरुको पहुंच तथा सहभागिताको सुनिश्चतता गरिबाल श्रम निषेधित नगर छिटै घोषणा गरिने छ
- सार्बजनिक तथा सामुदायिक बिद्यालयको मर्मत सुधार, फर्निचर तथा भौतिक विकास सम्बन्धी कार्यक्रममा सहयोग पुऱ्याउदै यस्ता कार्यक्रम संचालन गर्दा नेपाल सरकारले तोकेको मापदण्डलाई पुर्णरुपमा पालना गर्न उत्प्रेरित गरिनेछ ।
- स्थानिय पाठ्यक्रमलाई अन्तिम रुप दिई लागु गरिनेछ ।
- प्राबिधिक बिषय पढाईकालागि आवश्यक सहयोग र समन्वय गरि निरन्तरता दिइनेछ ।

३) स्वास्थ्य :

- नगर क्षेत्रमा रहेको जिल्ला अस्पतालको क्षमता बिकास गरी महामारी रोग नियत्रणका लागि छुट्टै वार्ड तथा कोभिड परीक्षण प्रयोगशाला निर्माणका लागि सम्बन्धित सरोकारवालाहरु सँग समन्वय , सहकार्य गर्नुका साथै आवश्यक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
- स्वास्थ्य इकाइबाट प्रदान गरिने खोप सेवा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य सम्बन्धी सेवाहरु तथा उपचारात्क सेवाका लागि आबस्यक औषधी उपकरण तथा स्वास्थ्य सामग्रीको लागि बजेट ब्यबस्था गरिने छ ।
- स्वास्थ्य सेवामा गुणस्तरियता कायम गर्न प्राविधिक जनशक्तिको क्षमता विकासका साथै स्वास्थ्य संस्थाहरुको स्तरोन्नतीका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने तथा स्वास्थ्य सेवालाई भरपर्दो र गुणस्तरीय बनाईनेछ।
- अति गरीव परिवारहरुलाई स्वास्थ्य सेवा बीमा गर्ने कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनका लागि नीति, बजेट, कार्यक्रमको तर्जुमाका साथै सम्बन्धित सरोकारवालासँग समन्वय तथा सहकार्य गरिनेछ ।
- स्थानीय स्तरमा स्वास्थ्य तथा सरसफाईका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्नका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ साथै पुर्ण सरसफाई युक्त समुदाय निर्माणका लागि दातृनिकायहरु संगको कार्यक्रमलाई निरन्तरता दिई नगरपालिकाबाट समेत रकम बिनियोजन गरिनेछ ।
- महिला स्वास्थ्य स्वमसेवीकाहरुको मनोवल उच्च हुने खालका प्रोत्साहनमूलक कार्यक्रमहरु संचालन गरिनेछन र निजहरुलाई कोभिड सम्बन्धी तालिम प्रदान गरी रोकथामका लागि परिचालन गरिनेछ ।
- दिर्घ रोगका बिरामीहरुको औषधी उपचारका लागि आवश्यक नीति, बजेट, सहित कार्यक्रम समाबेश गरिनेछ

- विपन्न तथा सिमान्तकृत समुदायका लागि स्वास्थ्य हितलाई ध्यानमा राखी शुद्ध खानेपानीका व्यवस्थाका साथै फिल्टरहरुको व्यवस्थापनका कार्यक्रमको तर्जुमा गरिनेछ ।
- नगरपालिकाका सवै वडाहरुमा स्थापित नगर स्वास्थ्य केन्द्र एबं स्वास्थ्यका ईकाईहरुको भौतिक तथा क्षमता बिकासको कार्यलाई प्राथमिकता दिई हुन सक्ने ठाउंमा बर्थिङ्ग सेँन्टर सञ्चालनका लागि प्राथमिकता दिइने छ
- महामारी तथा दैबिक प्रकोपबाट पिडितहरुको उपचार तथा राहतका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरी बिपद् ब्यबस्थापन कोषमा रकम बढोत्तरी गरी कार्यक्रम संचालन गरिनेछन ।
- आयुर्वेद चिकित्साको संस्थागत विकासका लागि औषधीजन्य जडीबुटी खेती प्रवर्द्धन तथा प्रसोधनका लागि बजेट तथा कार्यक्रमको तर्जुमा गरिनुका साथै रोग प्रतिरोधात्मक कार्यक्रम संचालन गरिनेछ ।
- १००० दिनका बालबालिका, सुत्केरी तथा गर्भबतीलाई लक्षित गरी स्वास्थ्य तथा पोषणका कार्यक्रमहरु संचालनका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ साथै पोषण युक्त वडा घोषणाको कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- नगरपालिकालाई पूर्ण सरसफाई युक्त बनाउनका लागि सार्वजनिक तथा पर्यटकीय क्षेत्रहरुमा सार्वजनिक सौचालयको व्यवस्थापन गरिनेछ ।
- स्वच्छ पानी स्वस्थ्य जिन्दगानीको अबधारणालाई संस्थागत गर्नका नगरपालिकाका सवै क्षेत्रमा स्वस्थ्य स्वच्छ पानीको व्यवस्थापन र पानी जाँचका कार्यक्रम सहित सुरक्षित खानेपानी समुदाय निर्माणको लागि युनिसेफ लगायतका संस्था संग साझेदारी गरिनेछ ।
- नगरपालिकाका बिपन्न जनताको स्वास्थ्य सेवामा गुणस्तर बृद्धि गर्न बिशेषज्ञ स्वास्थ्य शिबिर संचालन गरिनेछ ।
- परिवारको स्वास्थ्य बिमा कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

**४) सामाजिक परिचालन** :

- विभिन्न सामाजिक अभियान तथा सामाजिक सदभाव कायम गर्ने कार्यक्रमका साथै बिकृती, कुपर्था तथा कुसस्कार न्यूनीकरणका लागि समाजिक अगुवा, धामी, तथा पण्डित पुरोहितको सहभागिता अभिबृद्धि हुने खालका कार्यक्रम संचालनका लागि बजेट, तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।
- नगरपालिकाले गठन गरेका बालक्लब, टोल बिकास संस्था, उपभोक्ता समिति, महिला समुह, कृषि समुह, सामुदायिक बन उपभोक्ता समिति, सहकारी लगायतका संस्थाहरु सहित स्थानीय स्तरमा कार्य गर्ने NGOs र INGOs हरु संगको समन्वय र सहकार्य बढाउन कार्यक्रम तथा बजेट ब्यबस्था गरिने छ ।
- सामाजिक परिचालनका माध्यमबाट गरिबी न्यूनीकरणकालागि कार्यक्रम संचालन गर्दै यस नगरमा सरकारी तथा गैरसरकारी संघसंस्थाहरु बीच कार्यक्रम संचालनमा समन्वय, सहकार्य गरिनेछ साथै गरिबी निवारण कोषबाट समुदायमा लगानी गर्ने संस्थाहरु संग समन्वय बढाइनेछ
- योग गरौ स्वास्थ्य बनौ भन्ने नाराका साथमा घरघरमा योग पुऱ्याउने कार्यक्रमको शुरुवात गर्ने र उक्त कार्य संचालन गर्ने सम्बन्धित पक्षलाई आबश्यक सहयोग गरिनेछ साथै पतञ्जली योग भवनलाई पूर्णता दिइनेछ ।

- बालश्रम मुक्त समुदाय, बालमैत्री नगर, बातावरणमैत्री स्वछ नगर, सुरक्षित खानेपानी युक्त समुदाय, पूर्ण खोपको निरन्तरता, बहुक्षेत्रीय पोषण, पूर्ण साक्षर नगर जस्ता अभियानलाई सार्थकता दिन सामाजिक परिचालन गरिनेछ ।

**५) युवा तथा खेलकुद :**

- युवाहरुको क्षमता, तथा व्यक्तित्व विकासका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।
- नगरमा वढदो यूवा वेरोजगार समस्या समाधान गर्न एवं वैदेशिक रोजगारवाट फर्केका यूवाहरुकालागि सहकार्यमा यूवा लक्षित अनुदान कार्यक्रम संचालनमा ल्याइने छ।
- एक वडा एक खेलमैदानका स्तरोउन्नतीका कार्यक्रमहरु संचालन गरिनेछ ।
- नगर क्षेत्रमा रहेका बेरोजगार जनशक्तिको पहिचान गरी उनीहरुमा भएकाको ज्ञानसीपको पहिचान गरी आबस्यकता र क्षमता अनुरुपको कार्यमा परिचालन गरिनेछ ।
- खेलकुद बिकासकालागि खेलकुद संग सम्बन्धित संघ संस्थाहरु संगको समन्वय र सहकार्यमा नगर स्तरीय खेलकुद प्रतीयोगिता संचालन गरिनेछ । साथै खेलकुद बिकास र कार्यकम संचालनकालागि दिपायलको खप्तड रंगशाला र सिलगढीको टुडिखेलमा आबस्यक पुर्बाधार निर्माण गरिने छ ।
- यस स्थानिय तहबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुदमा प्रतिनिधित्व गर्ने खेलाडीलाई पुरस्कार तथा प्रोत्साहन गरिनेछ ।
- नगरको भबिष्य बोकेका युवाहरुलाई सृजनशीलता तर्फ उन्मुख गराउन दुर्ब्यसन जन्य कुरालाई न्यूनिकरण गर्न नेपाल सरकारका निकायसंगको समन्वय बढाउने र महिला हिंसा न्यूनिकरण गर्न आवस्यक कार्य गरिनेछ र युवाक्लव, युवाक्लव संजाल र युवा संसद अभ्यास प्रक्रियालाई सहजीकरण गरिने छ ।

**६) बालबालिका**

- बालमैत्री स्थानीय शासनलाई प्रभावकारी किसिमले लागू गर्न बालमैत्री सम्बन्धी कार्यक्रम संचालन गरिनेछ । नगरलाई बालश्रम निषेधित नगर बनाउन आबस्यक सबै प्रकृया अपनाइनेछ र बालश्रमिक कुनै पनि बहानामा राख्न नपाउने नीतिलाई निरन्तरता दिइने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- सम्भब भएसम्म सबै बस्तिलाई समेट्ने गरी प्रारम्भिक बालबिकास केन्द्रको स्थापना गरिने छ र भएका बालबिकास केन्द्रको गुणस्तर सुधारमा प्रोत्साहन गरिने छ ।
- नगरपालिकाको निर्माण गरिने पार्कमा बालमैत्री, अपाङ्गमैत्री संरचना निमार्ण गरिने छ ।
- यस नगरलाई आगामी ५ बर्ष भित्रमा कुपोषण मुक्त गरी पोषणयुक्त नगर बनाउन स्वास्थ्य, शिक्षा, कृषि, पशुसेवा, खानेपानी तथा सरसफाई महिला तथा बालबालिका र संस्थागत सुशासनको क्षेत्रमा बहुक्षेत्रीय पोषण योजनालाई उच्च प्राथमीकता दिई कार्यन्वयनमा ल्याइनेछ ।
- वाल श्रमिक राख्ने र पठाउनेको अभिलेख राखी सार्वजनिकिकरण गरि वालश्रमक मुक्त नगर वनाउने अभियान निरन्तरता दिइएनेछ ।
- अनाथ, जोखिममा रहेका तथा सडक वालवालिकामहरुको पुन:स्थपनाका लागि विशेष संरक्षणको निति अवलम्वन गरिनेछ ।

- गत बर्ष घरेल श्रमबाट मक्त गरी हाल आवासीय बिद्यालयमा रहेका बालबालिकाको आवासिय सबिधाको निरन्तरता दिइनेछ  र त्यस्तो घरेल श्रममा रहेका र अती जोखिम एवं संकट ग्रस्त बालबालिकालाई सम्भब भएसम्म सोही प्रकृतीको सेवा उपलब्ध गराइनेछ ।

## ७) कला संस्कृति, जेष्ठ नागरिक , अपांगता

- कला, संस्कृति र साहित्यको जर्गेना गर्ने गरी भुवा, रनपुतला, गौरा, मालिका पूजा, गाईजात्रा, लाखेनाच, डोलजात्रा, हिलेजात्रा, रोपाइजात्रा, हुड्केली, पञ्चेबाजा, बिभिन्न देवस्थलमा हुने जात्राहरु लगायत धार्मीक, सांस्कृतिक, कला र साहित्यिक कुराको जर्गेना गर्न कार्यक्रम बनाईने छ ।
- नगरपालिकाबाट सञ्चालित नगरबस सेवामा अन्य निजीक्षेत्रका सवारी साधन भन्दा कम भाडामा रहेको बिदितै छ, तथापी नगर बसमा आवत जावत गर्ने जेष्ठ नागरिक, तथा अपांग व्यक्ति, बिद्यार्थी, जनआन्दोलनका घाइते समेतलाई नियमानुसारको भाडामा ५० प्रतिशत रकम सहुलियत दिइने नीतिलाई निरन्तरता  दिइनेछ ।
- नगरका जेष्ठनागरीकहरुलाई स्वास्थ्य शिबिर मार्फत स्वास्थ्य उपचार गर्ने र पारिवारीक व्यवहार सुधार सम्बन्धी क्रियाकलाप एबं जेष्ठ नागरिक सम्मान गर्ने क्रियाकलापलाई निरन्तरता दिइनेछ साथै बिपन्न एकल महिला अतिबिपन्न परिबारहरुलाई आयआर्जनका क्रियाकलापमा सहभागि गराईनेछ ।
- जेष्ठ नागरिकहरुका लागि स्वास्थ शिबिर, जेष्ठ नागरिक दिवा सेवा, संस्थागत बिकास आदि कार्यक्रमलाई सञ्चालनको लागि प्राथमिकतामा राखिने छ ।
- अपांगता भएका ब्यक्तिहरुको नगरस्तरीय लगत अध्याबधिक गरी अपागको क्षमता तथा हैसियत बृद्धिका लागि प्राथमिकता दिइने छ ।

**(ग) पूर्वाधार बिकास :** नगरका पूर्बाधार बिकासकालागि आबस्यकता अनुरुप बजेट बिनियोजन गरिनेछ । चालु आ.ब. का अधुरा, ऋमागत योजना, आयोजनाको निरन्तरता र नयां आबस्यक पूर्बाधार निर्माणलाई प्राथमिकता दिइनेछ ।

- नगर क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नकालागि आवश्यक समपुरक कोष, मर्मत सम्भार कोष सहित पूर्बाधारको स्तर बृद्धिकालागि बजेटको व्यवस्था गरिनेछ र बनिसकेका सडकहरुको स्तरोन्नती गर्दै लगिनेछ ।
- बिषेशगरी शहरी क्षेत्रमा सडक निमार्ण गर्दा दायां बायां पक्की नाली सहितको कालोपत्रले सडक निमार्ण गरिने कार्यलाई प्राथमिकता दिइनेछ  साथै **ग्रीन रोडको** अबधारणा अनुरुप सडकको दायांबायां बृक्षारोपण गरिने र समुदायलाई संरक्षणको जिम्मा दिइनेछ ।
- स्थानीय स्तरमा नयां सडक निर्माण गर्दा स्थानीय जग्गाधनीको सहमति र लगतकट्टी भए पश्चात मात्र रकम बिनियोजन गरिनेछ ।
- नगर क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरु दिल्पेश्वर मठ कोटभैरब, बासुधारा, गौरी कुण्ड, दुर्गादेबी पाकरी, तीखागढी, शैलेश्वरी क्षेत्र,

सरस्वतीस्थान, मष्टामन्दिर, मालीका मन्दिर, राधाकृण मन्दिर लडागडाको सुनादेबी मन्दिरसंरक्षण तथा बिकासमा जोड दिईनेछ ।

- आ.व. २०७६।०७७ मा सम्झौता भई कार्यन्वयनमा रहेका योजनाहरुमा कालोपत्रे तथा पक्की सडक निर्माण तथा मर्मत कार्यमा जनसहभागीताका साथै लागत साझेदारीको अनुपात ८०:२० त्यस्तै गरी ग्राभेल माटो फिलिङ्ग जस्ता कार्यमा ७०:३० अनुपातमा रहनेछ सोही ब्यबस्थालाई आगामी आ.ब.मा पनि निरन्तरता दिइनेछ । मेल्लेक झिग्राना सडक, सिलगढी पाकरी बालासैन सडक, तिखा सडक, कुमालिकोट सडक, खातीवडा सडकलाई उच्च प्राथमिकता दिई स्तरोन्नती गर्दै लगिनेछ ।
- नगर यातायात गुरुयोजना (**MTMP**) अद्यावधिक पारी सोको आधारमा सडक योजना तयार एवं कार्यान्वयन गरिनेछ ।
- नगरयोजना कार्यन्वयन गर्दा योजनाको सम्झौता तथा योजना फरफारक गर्दा pre-project र post project photoको नीति अबलम्बन गरिनेछ ।
- नगरपालिका वडा कार्यलय भवन नभएका वडाहरुमा क्रमश: भवन निर्माण गर्ने गरी वडा कार्यलयको निर्माण कार्यलाई अगाडि बढाइनेछ ।
- वडा नं. ४ को कुमालीकोट सामुदायिक बनको थला क्षेत्रमा र वडा नं. ६ को चिसापानीमा पार्क निमाणाधीन पार्कलाई बालबालिका अपाङ्ग लगायतको पहुंच पुग्ने गरी समावेशी पार्कको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरमा आबश्यक रहेको खानेपानीको आपूर्तिलाई सहज बनाउन गैरागाउं काडामाण्डौ सिलगढी खानेपानी योजना हाल प्रकृयामा रहेको र सो योजनालाई सञ्चालन गर्नकालागि आबश्यक सबै कार्य गरिनेछ । पानी नभएका बस्तीमा खानेपानी एवं सरसफाईकोलागि अन्य सरोकारवाला निकायहरुसंगको सहकार्यहरुलाई पनि जोड दिइनेछ । बाफी, लडागडा, बजगांउ, लेकठाटा, बागठाटा, गैरागाउं जस्ता बस्तीहरुमा खानेपानीको आपूर्ति सहज पार्न आबस्यक प्रयास गरिनेछ साथै तिखा खानेपानीको योजनालाई निरन्तरता दिइने छ ।
- ग्रामीण जलस्रोत ब्यबस्थापन परियोजनाको सहकार्यमा निर्माण भै रहेको लेकठांटा, बागठांटा खानेपानी आयोजना लगायतका आयोजनालाई साझेदारीमा सञ्चालन गरिने तथा परियोजना सञ्चालनको नीति बमोजिम लागत सहभागिता एबं समपुरक अनुदान बाफतको रकमलाई बिनियोजन गरिनेछ ।
- नगर भित्रका सडकहरुमा बिभिन्न संघ संस्था तथा निकाय एवं नगर बासीबाट आफ्ना व्यक्तिगत तथा संस्थागत कार्य गर्दा पिच एवं पिसिसि सडक/बाटो भत्काएमा त्यसलाई एक हप्ता भित्रमा पिच तथा पिसिसि गर्नेगरी वडाकार्यालयको अनुमती लिएर मात्र कार्य गर्ने प्रक्रियाको कडाइका साथ अबलम्बन गरिने छ । साथै अनुमती बिना कार्य गर्नेलाई क्षतिपूर्ति भर्न लगाइनेछ । बिजुलीबत्ति नपुगेका गाउं बस्तिलाई उच्च प्राथमिकता दिइनेछ ।

- बिषेशत ठूला पूर्बाधार तर्फ संघ र  प्रदेश सरकारबाट प्राप्त हुने बिशेष अनुदानमा सञ्चालित हुने आयोजनाहरु ठुला पूर्बाधारका आयोजनालाई कार्यान्वयन गरी पूर्णता दिनको लागि सम्बन्धित निकाय संग समन्वयलाई निरन्तरता दिई तथा नगरपालिकाबाट अनुगमन सुपरीबेक्षण गरी  गुणस्तरीय कार्य गर्न गराउन पहल गरिनेछ ।
- पुर्बाधार बिकासका कार्यक्रम सञ्चालन गर्दा बिपद् जोखिम संबेदनशीलतालाई केन्द्र बिन्दुमा राखि कार्यान्वयन गर्न सघाउ पुग्ने गरी  डिजाइन तथा इष्टिमेट गर्ने ब्यबस्था मिलाइने छ ।
- नगर भित्रका दुर दराजमा रहेका वस्तीहरु नगरकेन्द्रसंग जोडने सडक निर्माण गर्ने कार्यलाई थप अघि वढाइनेछ ।

**अ. घर नक्सा पास :**

- नगरपालिकामा सरकारी, गैरसरकारी तथा नीजि घर, भवन निर्माण गर्दा अनिवार्य रुपमा नक्सा पास गर्नु पर्नेछ ।
- नयाँ बन्ने घर तथा भवनहरुमा बर्षातको पानी संकलन (Rain Water Harvestung) गर्ने कार्य गरी सरसफाईकोलागि प्राथमिकता दिने नीति अबलम्बन गरीने छ, साथै सौर्य उर्जा प्रबिधि जडान गर्नकालागि प्रोत्साहन गरिनेछ ।
- निर्माणको क्रममा रहेको वा अब नयां बन्ने भवनहरुलाई **"एकघर बहु बिरुवा"** को नीति अबलम्बन  गरिनेछ
- नगरपालिकाको क्षेत्रभित्र अब बन्ने प्रत्येक सार्वजनिक तथा सरकारी भवनलाई अपाङ्ग मैत्री बनाउनकालागि प्रोत्साहन गरिनेछ ।
- घर नक्सा पास प्रकृयालाई कडाइकासाथ लागू गरिनेछ ।

**(घ) वाताबरण तथा विपद व्यवस्थापन :** बिपद् तथा जलबायु उत्थानशिल योजनामा समाबेश भएका बिषय बस्तुहरुलाई आबस्यक सम्बोधन गरी बिपद ब्यबस्थापनकालागि थप आबस्यक कार्य समेत गरिनेछ । उक्त कार्य गर्न निम्न नीति अख्तियार गरी आगामी आ.व.का आबस्यकता अनुरुप बजेट बिनियोजन गरिनेछ ।

- कोभिड १९ महामारी बिरुद्ध लड्नको लागि कोभिड संक्रमणको ब्यापकताले सृजना हुने परिस्थितिको आंकलन गरी स्थानीय तहले सम्पादन गरी रहेका क्वारेन्टाइन ब्यबस्थापन, राहत बितरण, सचेतना कार्यक्रम सूचना तथा तथ्यांक संकलन संम्प्रेषण जस्ता कार्यकालागि यी क्षेत्रको बिद्यमान अबस्था बिश्लेषणका लागि आबस्यकता पहिचान गरी कार्यक्रम सञ्चालन गरिने छ ।
- नगर क्षेत्र भित्रका मुख्य सडकहरुको दायां बायां हरियाली एवं सौन्दर्य बढाउन बृक्षारोपण एवं संरक्षण गर्दै लगिनेछ ।
- नगर क्षेत्रलाई खुला दिशा मुक्त गरिसकेको र नगरका अधिकांस घरमा पूर्ण सरसफाई प्रबद्धर्न गर्नकालागि सरसफाई कार्ड बितरण गरिएको अबस्थामा कुनै बस्ति बिशेषलाई नमुना सरसफाईको बस्ति बनाउनका लागि युनिसेफ संगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

- नगरपालिकालाई पूर्ण सरसफाई युक्त र बिद्यालयलाई नमूना सरसफाईको बिद्यालय कायमगरी बाताबरणमैत्री सफा शहर बनाउन **Post ODF**अर्न्तगतका आबश्यक कार्यक्रम संचालन गरिनेछ । साथै मुख्य शहरी क्षेत्र लगायतका बिभिन्न स्थाहरुमा सार्बजनिक शौचालय निमार्णमा जोड दिई पार्क र हरियाली बृद्धि गर्न जोड दिइनेछ ।
- दैबी प्रकोपबाट प्रभाबित व्यक्तिहरुलाई सहयोगकालागि नगरमा रहेको **बिपद ब्यबस्थापन कोषमा रकमको बढोत्तरी** गरी कोषको परिचालन गरिनेछ ।
- नगरक्षेत्र भित्रको बजार क्षेत्रमा रहेका घर, पसल, होटल अगाडि जथाभाबि फोहर फाल्नेलाई फोहर ब्यबस्थापनको सुरक्षित फोहरमैला ब्यवस्थापन गरिनेछ ।
- सडक अतिक्रमण गरी निर्माण गरेका घर, टहराहरु हटाउनकालागि सडक सिमानाको पुनर्निर्धािरण गरी हटाउने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइने तथा डिभिजन सडक कार्यालय संग समन्वय गरी मध्येपहाडी मार्गलाई आकर्षक र सुरक्षित बनाइने छ ।
- घरबाट निस्केको जैविक फोहरबाट जैविक मल उत्पादन गर्न र नसड्ने फोहरको व्यवस्थापनकालागि आवश्यक पहल गरिनेछ भने प्लाष्टिक जन्य पदार्थको प्रयोगलाई कम गर्न र प्लाष्टिक निषेधित नगर बनाउन आबस्यक पहल गरिनेछ ।
- प्राकृतिक प्रकोपका हिसावले जोखिममा रहेका स्थनहरुमा वृक्षारोपण कार्यक्रम संचालन गरी वातावरणीय सन्तुलन कायम राख्दै हरियाली प्रवर्द्धन गरिनेछ ।
- वाढी तथा पहिरोको जोखिममा रहेको थनहरु तथा वस्तीहरुको सुरक्षाका लागि संवेदनशील ठाउहरुका नदी किनारामा तटवन्धन तथा तारजालीको कार्यक्रम संचालन गरिनेछ ।
- वातावरण संरक्षण तथा विपद जोखिम न्यूनिकरण सम्वन्धमा नगरवासीहरुमा जनचेतनाको अभिवृद्धि गरिनेछ ।
- वडा स्तरमा विपद, व्यवस्थापन समितिको परिचालन तथा खोज उद्धार सामाग्रिको व्यवस्थपनमा सहजिकरण गरिनेछ ।

### ङ) कोभिड- १९ बिशेष नीति

- कोभिड १९ संक्रमण जोखिम रहदा सम्म अशक्त अशहाय एवं आर्थिकरुपले विपन्न गर्भवति महिला, जेष्ठ नागरिक, अपागंता भएका व्यक्तिलाई राहत कार्यक्रम संचालन गर्ने गरी वजेटको व्यवस्था गरिएको छ ।
- कोभिड १९ मा स्थानीय तहमा खटिने स्वास्थ्य कर्मि तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्रि (मास्क, पन्चा, सेनिटाईजर, पिपिई) हरुकालागि वजेटको व्यवस्था गरिएको छ ।
- कोभिड संक्रमणको सम्भावित जोखिममा रहेका नागरिकहरुलाई नेपाल सरकारले तोके वमोजिम क्वारेन्टाईनमा राख्ने व्यवस्था मिलाउन आवश्यक वजेटको व्यवस्था गरिएको छ ।
- कोभिड १९ को संक्रमण र रोकथाम तथा नियन्त्रणकालागि क्षमता विकास तथा जनचेतनामुलक कार्यक्रमकालागि आवश्यक वजेटको व्यवस्था गरिएको छ ।
- कोभिड १९ का कारण गर्भवति महिला, जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति तथा स्वास्थ्य ईकाईवाट प्रदान गरिने खोप सेवा सुरक्षित मातृत्व तथा पोषण लगायतका

जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाकालागि आवश्यक औषधी उपकरण तथा स्वास्थ्य सामाग्रिकालागि आवश्यक वजेटको व्यवस्थापन गरिएको छ ।

- नगर क्षेत्रमा आवश्यकता अनुसार बेडको क्वारेन्टाइन र आइसोलेसन वार्ड तयार गरिने छ उक्त कार्यका लागि संघ, प्रदेश सरकार लगायत अन्य निकायहरु संग समन्वय बढाइने छ
- कार्यालयहाता तथा सवारी साधन, फर्निचर आदिमा बिशेष सरसफाई तथा सेनिटाइजेसन गरिने छ, पदाधीकारी तथा कर्मचारीहरुको लागि आबस्यक पर्ने मास्क, सेनिटाइजर, स्वास्थ्यकर्मीका लागि आबस्यक पिपिई सेट, आबस्यक औषधीहरु र क्वारेन्टाइन तथा आइसोलेसनमा रहने ब्यक्तिहरु, अन्य बन्दाबन्दीको अबस्था दोहरियमा दैनिक ज्यालादारीमा गुजारा गर्ने ब्यक्तिहरु, अपांग, असहाय जेष्ठनागरिक तथा अति बिपन्न भएका ब्यक्तिहरुलाई मापदण्ड बनाई रातह प्रदान गर्नको लागि रकम बिनियोजन गरिने छ ।
- नगरकार्यपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा सामाजिक दुरी कायम गरी सेवा प्रबाह गर्न आबस्यक सूचना प्रबाह गरिनेछ ।
- कोभिड १९ महामारीका कारण विश्वमा नै मानव जातिमाथि अत्यन्त अप्ठ्यारो परिस्थितिको सृजना भएको छ । कल्पना भन्दा वाहिरको यस माहामारी विरुद्ध लड्न हाम्रा स्वास्थ्य सेवा सुविधा अपर्याप्त रहेको अवस्थामा विश्वमा लाखौ मानिसहरु प्रभावित भै सक्रमणवाट लाखौं मानिसहरुले ज्यान गुमानउनु परेको छ । यस महामारीवाट देश विदेशमा ज्यान गुमाउने नेपालीहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहन्छु साथै उपचारमा रहेका सम्पूर्ण दाजुभाई तथा दिदि वहिनीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।
- कोभिड १९ संक्रमण रोकथाम तथा नियन्त्रणमा सफलता हासिल गर्न स्वास्थ्य उपकरण तथा औषधी आपूर्तिको उचित व्यवस्था मिलाईनेछ । क्वारेन्टाईन व्यवस्थापन, स्वास्थ्य परिक्षण तथा थप आईसोलेसन वार्डको स्थापना गरी उपचारको समुचित प्रवन्ध मिलाइनेछ । रोग प्रतिरोधी क्षमता विकास गरिनुका साथै मनोपरामर्श संग सम्वन्धित कार्यक्रमहरु संचालन गरिनेछ ।
- उच्च रक्तचाप, मघुमेय, दम, मृगौला, कलेजो र महिलाहरुको पाठेघर सम्वन्धी रोगको रोकथाम, पहिचान, परिक्षण र उपचारका कार्यक्रमलाई प्रभावकारी वनाइएनेछ । साथै फोक्सोको दिर्घ रोगीलाई सुध्ने औषधि नि:शुल्क वितरण गरिनेछ ।

**(च) <u>संस्थागत बिकास तथा सेवा प्रवाह र सुशासन</u> :**

नगर कार्यपालिकाको कार्यालयका कर्मचारी, नगरका जनप्रतिनिधी, नागरिक समाज, लगायतको क्षमता बिकासका लागि बिकास साझेदारहरु, गैरसरकारी संस्थाहरु संगको सहकार्य र समन्वयमा जोड दिइनेछ । उक्त कार्य सञ्चालनकोलागि आबस्यक रकम बिनियोजन गरिनेछ, साथै उक्त कार्य गर्न निम्न नीति र कार्यक्रम अख्तियार गरिएकोछ ।

- नगरकार्यपालिका कार्यालय, वडा कार्यालय, बिषयगत शाखा वा इकाइको सेवा प्रवाहलाईसूचना प्रबिधीमैत्री बनाउन आबस्यक बजेट बिनियोजन गरिनेछ ।

- सेवा प्रबाहको लागि आबस्यक पर्ने न्युनतम् प्रशासनिक खर्चको लागि बजेट बिनियोजन गरी प्रशासनिक संरचना  कार्यलाई मितब्ययी बनाउन अनुत्पादक खर्चहरु कटौति गरिने छ
- कोभिड १९ को कारण उत्पन्न असहज परिस्थितिको सामना गर्न र प्राथमिकतामा परेका क्रियाकलापहरु कार्यान्वयन गर्न निजी क्षेत्र, गैरसरकारी संस्था, सहकारी संस्था, स्थानीय सामुदायिक संस्था समेतको परिपूरक भुमीकामा परिचालन गरिनेछ ।
- योजनाको कार्यन्वयन तथा व्यवस्थापन प्रणाली व्यवस्थित बनाउनकोलागि उपभोक्ता समितिका पदाधिकारीलाई योजना कार्यन्वयन पूर्व नै आबश्यक तालिम प्रदान गरिनेछ ।
- बिभिन्न लक्षित बर्गहरुको क्षमतामा अभिबृद्धिकालागि क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- सार्वजनिक परीक्षण, सामाजीक परीक्षण, सार्बजनीक सुनुवाई जस्ता क्रियाकलापहरुको माध्यमबाट सुशासन र पारदर्शिता अभिबृद्धि गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरष्कृत गरिनेछ ।
- प्रभाबकारी रुपमा सेवा प्रवाह गर्न कर्मचारी तथा पदाधिकारीहरुकालागि आवश्यक क्षमता बिकासका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- नगरपालिकाको काम कारबाहीलाई व्यवस्थित बनाउन डिजीटल सूचना प्रणाली र डिजिटल हाजीर प्रणाली (**Digital Information System**तथा **Digtial Attendance System**)लाई निरन्तरता दिइनेछ । साथै नगरपालिकाको वेब  साइटमा आबस्यक पर्ने सबै सूचनाहरु अद्याबधिक गरिनेछ ।
- नगरको भौतिक पूर्बाधारमा महत्व राख्ने ठूला आयोजनाकोलागि बिस्तृत परियोजना प्रतिबेदन (डिपिआर) तयार पार्न र आबस्यकता अनुरुप बाताबरणीय प्रभाव मूल्यांकन (EIA) एबं प्रारम्भिक बातारणीय परीक्षण  (IEE) गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- भ्रटाचार बिरुद्ध  शून्य सहनशिलताको नीतिलाई अख्तियार गरिनेछ ।
- तोकिएको समय भित्र निर्माण कार्य सम्पन्न नगर्ने, नगरपालिकाको निर्देशनलाई अटेर गरी बिकास कार्यमा प्रतिकूल प्रभाव पार्ने निर्माण ब्यबसायीलाई नियमानुसार कारबाही गरिनेछ ।

## छ) श्रम तथा रोजगार एबं सहकारी

- कोभिड १९ को कारणले हाल भारत लगायत अन्य देशबाट नगर क्षेत्रमा प्रबेश गरेका युवाहरुको तथ्यांक लिई उनीहरुको सीपको आधारमा नगर तथा वडा स्तरीय आयोजनाहरुमा श्रम सहभागिता गराई रोजगारी सृजना गरी निजहरुलाई क्षमताको आधारमा काममा समाबेश गराई रोजगार तर्फ आकर्षित गरिने छ ।

- रोजगार सेवा केन्द्रलाई थप बिकसित गर्दै यस नगरमा रहेका श्रमिकहरुको सीप उपयोग हुने गरी उनीहरुको ब्यक्तिगत बिवरण रहेको श्रम सूचना बैंक स्थापना गरी रोजगारदाता र रोजगारीको खोजीमा रहेका बीच सम्पर्क स्थापित गरी यस नगर क्षेत्रमा हुने बिकास निर्माणका कार्यहरुमा सम्भब भए सम्म नगर क्षेत्रकै श्रमिकहरु प्रयोग गर्नका लागि निजी क्षेत्र संग पनि आबस्यक समन्वय र सहकार्य गरिनेछ ।
- बिदेशबाट फर्किएका तथा रोजगारको खोजीमा रहेको ब्यक्तिको सीपको बिवरण समेत रोजगार सूचना केन्द्रमा अध्याबधिक गरी त्यस्तो जनशक्तिलाई नगरपालिका भित्र उपलब्ध हुने निर्माण सेवा, ब्यबसाय, लगायतका क्षेत्रमा रोजगारदाता संग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीरकण गरिनेछ ।
- नेपाल सरकारले **स्वदेशी बस्तुको उपभोग गरौं, आन्तरिक उत्पादनलाई प्रोत्साहन गरौं** भन्ने अभियान सञ्चालन गरेको छ यस नगरपालिकामा पनि कृषि क्षेत्रमा यान्त्रिकीकरण र आधुनिकीरण गरी तरकारी, फलफुल, नगदेबाली, पशुपालन तर्फ युवाहरुलाई आकर्षित गर्न नगरपालिकाबाट सहुलियत प्रदान गर्न बजेट बिनियोजन गरिनेछ ।
- नगरक्षेत्र भित्रका सहकारी संस्थाहरुको क्षमता बिकास गर्ने, साझेदारीमा गरिबी न्युनिकरणका कार्यक्रम सञ्चालन गर्ने, प्रतिबेदन प्रणाली ब्यबस्थित गर्ने लगायत संस्थाहको अनुगमन सुपरीबेक्षण गर्ने कार्य गरिने छ  र सोका लागि आबस्यक कार्यक्रम एबं बजेट ब्यबस्था गरिनेछ ।
- स्थानीय उत्पादन वृद्धि रोजगारी सिर्जना र गरिवी न्यूनिकरण गर्न सहकारी क्षेत्र प्रवर्द्धन गरिनेछ । उद्देश्य र कार्य क्षेत्रको विश्लेषणको आधारमा सहकारी संस्थाहरुलाई एक आपसमा गाभिन प्रोत्साहन गरिनेछ ।
- उदमशिलता विकास र स्थानयि पर्यटन प्रवर्द्धनमा सहकारी क्षेत्रको भुमिका वढाइएने छ । उत्पादनमुलक सहकारी संस्थालाई प्रत्साहित गरिनुका साथै महिला उद्यमी समुह तथा सहकारीलाई प्रोत्साहन गरिनेछ ।

**(ज) अन्य बिबिध नीतिहरु :**

- नगरकार्यपालिकाका कर्मचारी, पदाधीकारीहरु, राजनैतिक दल तथा सरोकारवालाहरुको क्षमता बिकास तथा नगरपालिकाको संस्थागत बिकास कार्यलाई सुदृढ गरिनेछ उक्त कार्यकोलागि पिएलवीएसपी,  अमेरिकी सहयोग नियोग (USAID) को साझेदारी कार्यक्रम, युनिसेफ, आरभिडब्लुआरएमपी, नगर बिकास कोष, बहुक्षेत्रीय पोषण योजना लगायतका कार्यक्रम एबं अन्य संघसंस्था एवं अन्य सरोकारवालाहरुसंग समन्वय बढाइनेछ ।

- कार्यलयबाट सम्पादन हुने जनताका दैनिक कार्यहरुलाई अझ जनमुखी, छिटो छरितो (चुस्त दुरुस्त) पार्ने प्रयासकालागि शाखागत कार्य बिभाजन, कर्मचारीको कार्य बिवरणको परिमार्जन गरी जिम्मेवारी बढाउने नीति लिइनेछ ।
- नगरको क्षेत्रलाई उज्यालो बनाउन बैकल्पिक उर्जाको प्रयोग अन्तर्गत वडा तथा बस्तीमा सोलार बत्तिको कार्यक्रमलाई क्रमशः बिस्तार गरिनेछ ।
- बिपन्न समुदायको आर्थिक बिकास हुने खालका कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- नगरका जेष्ठनागरीकहरुलाई स्वास्थ्य शिबिर मार्फत स्वास्थ्य उपचार गर्ने र पारिवारीक व्यवहार सुधार सम्बन्धी क्रियाकलाप एवं जेष्ठ नागरिक सम्मान गर्ने क्रियाकलाप एबं नगरमा बृद्धाश्रम ब्यबस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ साथै बिपन्न एकल महिला अतिबिपन्न परिबारहरुलाई आयआर्जनका क्रियाकलापमा सहभागि गराईनेछ ।
- नगरका ५०  वर्षको उमेरसम्म बिहे नगरी एकल रुपमा जीवन निर्बाह गरी रहेका महिलाहरुलाई आयआर्जको क्रियाकलापमा सहभागि गराइनेछ र बैकल्पिक ब्यबस्था नभए सम्म सामाजिक सुरक्षा भत्ता नगरपालिकाबाटै प्रदान गरिने नीति निरन्तरता दिइनेछ ।
- एचआइभी संक्रमित ब्यक्तिकोलागि निजहरुलाई आयआर्जन र स्वास्थ्य उपचार सम्बन्धी क्रियाकलापलाई निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्तगर्ने लाभग्राहरुले समयमै भत्ता प्राप्तगर्ने गरी निकासा प्रणालीलाई यथाशक्य छिटो छरितो वनाइएनेछ । वैकिगं प्रणाली मार्फत भत्ता वितरण गर्दा देखा परेका समस्याका सम्वन्धमा भत्ता वितरण गर्ने वैंकहरुसंगको संवाद एवं सहकार्यका माध्यमवाट समाधान गरी छिटो छरितो रुपमा सुविधा प्राप्त गर्ने तर्फ विशेष पहल गरिनेछ ।
- पर्यटन क्षेत्रको विकासकालागि धार्मिक पर्यटन, सास्कृतिक पर्यटन, पर्यापर्यटन, ग्रामिण पर्यटन लगायतका व्यवसायको विविधीकरण र विकास गरी रोजगारीको अवसर वृद्धि गरिनेछ ।
- पर्यटकिय सम्पादाहरुको प्रचार प्रसार गर्न र पर्यटन सम्वन्धी तथ्याकंक, सूचना व्यवस्थितगर्न पर्यटन सूचना केन्द्र संचालन गरिनेछ ।

## २.३ मूख्य मूख्य आयोजना र क्रियाकलापहरु :

यस नगरपालिकामा मुख्य बिकास निर्माणका आयोजनाहरु मध्ये संघीय सरकारको योजना अर्न्तगत निर्माणाधीन रहेका सिलगढी कलेना सडक, सिलगढी बगलेक सडक, दिपायल एयरपोर्ट सडक  तथा नगरपालिकाको स्रोतबाट निर्माणाधिन ७ ओटा दुई कोठे पक्कि भवन, तिखा खानेपानी आयोजना, सिरखोली खानेपानी, बगलेक उणितोला सिलगढी खानेपानी आयोजना, ग्रामीण जल स्रोत ब्यबस्थापन परियोजना अर्न्तगत निर्माण हुने लेकठाटा गैरा खानेपानी आयोजना, सिलगढी स्थित टुंडीखेल मैदानको पर्खाल एबं मञ्च निर्माण र शैलेश्वरी क्षेत्रमा बिशाल भगवतीको मुर्ति एब थला पार्क घाडी सडक , कुमालीकोट सडक , सर्पदंश उपचार केन्द्र , सिलगडी बजार सडक ,प्रमुख भौतिक पूर्बाधारका योजना रहेका छन भने कार्यक्रमहरुमा युनिसेफको सहयोगमा सञ्चालित बाल संरक्षण कार्यक्रम, बहुक्षत्रिय पोषण योजना कार्यक्रम, खोपानी सरसफाई एबं स्वच्छता कार्यक्रम र यसै बर्ष देखि अमेरिकी सहयोग नियोगUSAID को सहयोगमा सञ्चालित साझेदारी कार्यक्रम रहेका छन् ।

**आदरणीय सभाध्यक्षज्यू,**

अब म यस नगरपालिकाको आगामी आ.व.को अनुमानित आय व्यय र स्रोत व्यवस्थापन विषयमा जानकारी दिन चाहान्छु ।

**आदरणीय सभाध्यक्षज्यू,**

अब म यस नगरपालिकाको आगामी आ.ब.को अनुमानित आय ब्यय र स्रोत ब्यबस्थापन बिषयमा जानकारी दिन चाहान्छु ।

## २.४. अनुमानित आय ब्यय र स्रोत ब्यबस्थापन :

यस नगरपालिकामा प्राप्त भएको निकासा दातृ निकाय एवं संस्थाबाट प्राप्त हुने बजेट सहितबाट यस नगरपालिकाबाट प्राप्त चालु आ.ब.कोलागि निम्नानुसारको संक्षिप्त खाका प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

यस नगरपालिकाको आर्थिक बर्ष २०७७०७८ को निति तथा कार्यक्रममा समाबेश भएको आय ब्ययको लागि कूल आय रु ५० करोड, ५९लाख, ९० हजार२०० रहेकोछ ।

### आ.व. २०७७/०७८ को निती तथा कार्यक्रममा समावेश भएको आय व्ययको संक्षित विवरण

| आय तर्फ | | | व्यय तर्फ | |
|---|---|---|---|---|
| क्र.सं. | आम्दानी शिर्षक तथा श्रोत | रकम रु. | खर्च शिर्षकगत विवरण | रकम |
| **१** | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **३९२,६९८,०००।००** | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **३९२,६९८,०००।००** |
| **(क)** | **संघीय सरकार** | **३६४,८००,०००।००** | **संघीय सरकार** | **३६४,८००,०००।००** |
| १३३११ | समानिकरण अनुदान (२६३३१) | १२२,८००,०००।०० | नगर तथा वडा स्तरीय योजना र कार्यक्रमको खर्च तथा समपूरक कोष खर्च | १२२,८००,०००।०० |
| १३३१२ | शसर्त अनुदान चालु (२६३३२) | २३४,०००,०००।०० | संघीय सरकारका हस्तान्तरीत कार्यक्रमहरुमा खर्च | २३४,०००,०००।०० |
| १३३१४ | विशेष अनुदान (२६३३३) | ८,०००,०००।०० | विशेष अनुदान अन्तर्गतको खर्च | ८,०००,०००।०० |
| १३३१६ | समपुरक अनुदान (२६३३४) | | | |
| १३३१८ | अन्य अनुदान | | | |
| **-(ख)** | **प्रदेश सरकार** | **२७,८९८,०००।००** | **प्रदेश सरकार** | **२७,८९८,०००।००** |
| १३३११ | समानिकरण अनुदान (२६३३१) | ७,२९९,०००।०० | विभिन्न योजना तथा कार्यक्रम अनुसारको खर्च | ७,२९९,०००।०० |
| १३३१२ | शसर्त अनुदान (२६३३२) | ०।०० | | ०।०० |
| १३३१४ | विशेष अनुदान (२६३३३) | ६,०००,०००।०० | विशेष अनुदान अन्तर्गतको खर्च | ६,०००,०००।०० |
| १३३१६ | समपुरक अनुदान (२६३३४) | १४,५९९,०००।०० | समपुरक अनुदान अन्तर्गतका योजनामा खर्च | १४,५९९,०००।०० |
| **२** | **राजस्व बाँडफाँडवाट प्राप्त रकम** | **९२,७३६,०००।००** | **राजस्व बाँडफाँडवाट प्राप्त रकम** | **९२,७३६,०००।००** |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर (राजस्व वाँडफाँड - प्रदेश सरकार) | | कर्मचारी तलव भत्ता, लगायतका कार्यालयको प्रशासनिक तथा वडा कार्यालय संचालन सम्वन्धी चालु प्रकृतिको खर्च र विषयतग शाखाका खर्चहरु | |
| ११४११ | वाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर (राजस्व वाँडफाँड - संघीय सरकार) | ८९४४९०००।०० | | ८९४४९०००।०० |
| ११४२१ | वाँडफाँड भई प्राप्त हुने अन्तः शुल्क (राजस्व वाँडफाँड - संघीय सरकार) | | | |
| ११४५६ | वाँडफाँडवाट प्राप्त हुने सवारी साधन कर (राजस्व वाँडफाँड - प्रदेश सरकार) | ३,२८७,०००।०० | | ३,२८७,०००।०० |
| १४१५३ | वाँडफाँड भई प्राप्त वन रोयल्टी (राजस्व वाँडफाँड - संघीय सरकार) | | | |
| **३** | **वैदेशिक श्रोत** | **१,९९४,२००।००** | **वैदेशिक श्रोत** | **१,९९४,२००।००** |
| १३२११ | अन्तर्राष्ट्रिय अन्तर सरकारी संस्थावाट प्राप्त चालु अनुदान | १,९९४,२००।०० | यूनिसफ नेपालको सहयोगमा संचालन गरिने कार्यक्रम खर्च | १,९९४,२००।०० |

| | | | | |
|---|---|---|---|---|
| ४ | **आन्तरिक श्रोत** | **१३,५४२,०००।००** | **पदाधिकारी सुविधा, सेवा परामर्श खर्च, करार सेवा शुल्क लगायतका अन्य खर्च** | **१३,५४२,०००।००** |
| **५** | **अन्य आय** | **५,०२०,०००।००** | **अन्य आय** | **५,०२०,०००।००** |
| १५१११ | वेरुजू | २०,०००।०० | विभिन्न कार्यक्रम तथा भैपरी आउने प्रकृतिका खर्चहरु | २०,०००।०० |
| | गत वर्षको वैंक मौज्दात | ५,०००,०००।०० | | ५,०००,०००।०० |
| | **कूल जम्मा राजस्व आय** | **५०५,९९०,२००।००** | | **५०५,९९०,२००।००** |

## २.५. उपसंहारः

**आदरणीय उपस्थित**सातौं नगर सभा उद्घाटन शत्रका अध्यक्ष ज्यू,
वडा अध्यक्षज्यू लगायत नगरसभाका सबै सदस्यज्यूहरु
उपस्थित सम्पूर्ण महानुभावज्यूहरु ।

बजेट तथा कार्यकम तर्जुमा गर्ने सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठक तथा छलफलमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नु हुने नगरकार्यपालिकाका सदस्यज्यूहरु, बिभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरु, शाखा प्रमुख एबं अन्य कर्मचारीहरु तथा अन्य उपस्थित सम्पूर्ण महानुभावहरु सहित सबैलाई  धन्यवाद दिन चाहन्छु । प्रस्तुत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको निम्ति यहांहरुबाट प्राप्त हुने रचनात्मक सुझाबलाई मार्गदर्शको रुपमा लिएर नगरपालिका अगाडि बढ्ने विश्वास दिलाउदै यस सातौं गरिमामय नगरसभाको सफलताको शुभकामना सहित यहांहरुको निरन्तर साथ र सहयोगको अपेक्षा गर्दै आफ्नो प्रस्तुति यहिं समाप्त गर्ने अनुमति चाहान्छु ।

**धन्यवाद !**

शिबराज खड्का

नगर उपप्रमुख

दिपायल सिलगढी नगरपालिका

डोटी

प्रमाणिकरण मिति : २०७७।०३।१५

**आज्ञाले**
**खेमराज गुरुगं**
**नि. प्रमुख प्रशासकीय अधिकृत**